मिति : २०६९/६/३

<u>छलफल तथा निर्णयहरू</u> :

१. नेपाल सरकारले हालै गठन गरेको **कर्णाली विकास आयोग**को गठन तथा कार्य सञ्चालन आदेश, २०६९ वैठकमा जानकारीको लागि प्रस्तुत गरियो । उक्त गठन आदेशमा उल्लिखित प्रावधान र राष्ट्रिय योजना आयोगले हाल सम्पादन गरेको काम कारवाहीमा पर्ने असर, दोहोरोपन एवं समस्याहरू तथा उपर्युक्त आयोगको कामलाई प्रभावकारी वनाउने सम्वन्धमा अध्ययन गरी मिति २०६९/६/१५ सम्म प्रतिवेदन पेश गर्न आयोगका माननीय सदस्य श्री जनकराज शाहको संयोजकत्वमा सचिवालयका सवै महाशाखा प्रमुखहरू रहेको एक कार्यदल गठन गरियो । उक्त कार्यदलले आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायतका अन्य अधिकारीहरू समेत आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

२. आगामी आर्थिक वर्ष देखि देशले नयाँ आवधिक योजना त्रिवर्षीय शुरू गर्नुपर्ने हुँदा सो सम्बन्धी सवै (योजना समीक्षा, अवधारणापत्र, वार्षिक वजेट आदि) कार्य अगाडि वढाउन आयोगका माननीय सदस्य श्री जनकराज शाहलाई जिम्म दिने निर्णय गरियो ।

३. अर्थ मन्त्रालयका सचिव श्री कृष्णहरि वास्कोटाले देशको समग्र आर्थिक अवस, हालसम्मको पूंजीगत खर्चको अवस्था र विभिन्न मन्त्रालयहरूवाट माग भएको थप वजेट रकम सम्बन्धमा वैठकलाई जानकारी गराउनु भयो । साथै, राष्ट्रिय योजना आयोगको भवन निर्माण कार्यको लागि रकम विनियोजन गरिने हुँदा सो कार्य अघि बढाउन पनि वहाँले सुझाव दिनु भयो ।